बैठक संख्या : ६२(बैसठी)

आज मिति २०७८ मंसिर ०९ गते विदुर नगरपालिकाका प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सञ्जु पण्डित | प्रमुख | हस्ताक्षर |
| २ | श्री गिता कुमारी दाहाल (अर्याल) | उप प्रमुख | हस्ताक्षर |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | हस्ताक्षर |
| ४ | श्री वीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | हस्ताक्षर |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | हस्ताक्षर |
| ६ | श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | हस्ताक्षर |
| ७ | श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | हस्ताक्षर |
| ८ | श्री राजु सर्डौला | वडा अध्यक्ष | |
| ९ | श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| १० | श्री फङ सिं तमाङ | वडा अध्यक्ष | हस्ताक्षर |
| ११ | श्री सनी चित्रकार | वडा अध्यक्ष | हस्ताक्षर |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | हस्ताक्षर |
| १३ | श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | हस्ताक्षर |
| १४ | श्री सीताराम अर्याल | वडा अध्यक्ष | हस्ताक्षर |
| १५ | श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री मुरली मिजार | कार्यपालिका सदस्य | |
| १७ | श्री रामशरण मिजार | कार्यपालिका सदस्य | |
| १८ | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री राजकुमार कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | हस्ताक्षर |
| २१ | श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | हस्ताक्षर |
| २२ | श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | हस्ताक्षर |
| २३ | श्री रेखा लामा | कार्यपालिका सदस्य | |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | हस्ताक्षर |

## ६२ औं कार्यपालिका बैठक (२०७८।०८।०७)

एजेण्डा:

१. छोरी संस्थाको परियोजना प्रस्ताव सम्बन्धमा

२.स्थानीय तहका कर्मचारीहरुको समायोजन स्तरवृद्धि तथा तहमिलान सम्बन्धमा

३. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारका लागि नगद हस्तान्तरण लाभग्राही संख्या निर्धारण सम्बन्धमा

४. सान्यो इन्टरनेशनल प्रा.लि. बाट कोमासु स्काभेटर मर्मत खर्च सम्बन्धमा

५. उत्तर गयाधामको खच अनुमोदन सम्बन्धमा

६. बजेट रकमान्तर सम्बन्धमा,

७. विविध

**समिक्षा : ६१औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :**

नगर कार्यपालिकाको ६१ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

निर्णयहरु:

**निर्णय नं. १) छोरी संस्थाको परियोजना प्रस्ताव सम्बन्धमा**

विदुर नगरपालिकाका विभिन्न वडामा मानव बेचबिखन विरुद्धका कार्यक्रमहरु (रोकथाम, संरक्षण, पैरवी, सचेतना, महिलाहरुको सुरक्षित आप्रवासान) संचालन गर्न विगत बर्ष देखि नै छोरी संस्थासंग सहकार्य हुदै आएको र यस बर्ष पनि उक्त कार्यक्रमहरु संचालन गर्न प्रस्ताव पेश गरेको हुनाले संस्थाले गरेको कामको नियमित प्रतिवेदन नगरपालिकामा पेश गर्ने गरी संघसंस्था सहायता शिर्षकबाट रु. ३ लाख उपलब्ध गराउने ।

**निर्णय नं. २) स्थानीय तहका कर्मचारीहरुको समायोजन स्तरवृद्धि तथा तह मिलान सम्बन्धमा**

साविक स्थानीय निकायमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन २०७५ अनुसार विदुर नगरपालिकामा स्थानीयतहको कर्मचारी व्यवस्थापन ऐन २०७८ जारी हुँदाको बखत सम्म कार्यरत कर्मचारीहरुको समायोजन, तह मिलान गर्न सूचना भए अनुसार निम्न लखित कर्मचारीहरुको कर्मचारी व्यवस्थापन ऐन २०७८ को दफा ४ अनुसार मिति २०७८।०७।१६ को निर्णयानुसार समायोजन, तह मिलान, स्तर तथा ग्रेड वृद्धि गरिएको निर्णय अनुमोदन गर्ने ।

तपशिल :

| सि.नं. | नाम | साविकको तह | समायोजन तह मिलान तथा स्तरवृद्धि हुने तह |
|---|---|---|---|
| १ | पुष्कर शर्मा रिमाल | अधिकृत स्तर सातौं | अधिकृत स्तर आठौं |
| २ | सरला श्रेष्ठ | सहायक स्तर पाँचौ | अधिकृत छैटौं |
| ३ | उत्तमकुमार शाह | सहायक स्तर पाँचौ | अधिकृत छैटौं |
| ४ | दिपक मुडवरी | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ |
| ५ | बद्रि कुमार रिजाल | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ |

| सि.नं. | नाम | साबिकको तह | समायोजन तथा ग्रेड वृद्धि | थप ग्रेड |
|---|---|---|---|---|
| १ | ठाकुर बहादुर के.सी. | सहायक स्तर चौथो | सहायक स्तर चौथो | २ ग्रेड |
| २ | शिवहरि गजुरेल | सहायक स्तर चौथो | सहायक स्तर चौथो | २ ग्रेड |
| ४ | रामशरण बोगटी | सहायक स्तर पाँचौ | सहायक स्तर पाँचौ | २ ग्रेड |
| ५ | सोनीकुमारी श्रेष्ठ | सहायक स्तर पाँचौ | सहायक स्तर पाँचौ | २ ग्रेड |
| ६ | दामोदर नेपाल | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| ७ | इन्द्र भक्त डंगोल | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| ८ | रामकुमार गिरी | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| ९ | राजेश मान डंगोल | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १० | शुक्रमानश्रेष्ठ | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| ११ | कृष्ण ब. तिमल्सिना | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १२ | लेख बहादुर श्रेष्ठ | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १३ | लालबहादुर मिजार | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १४ | गोपालमिजार | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १५ | कृष्ण ब. वुढाथोकी | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १६ | सिताराम रिमाल | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १७ | रामबहादुर कुमाल | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |
| १८ | खिले कुमाल | श्रेणी विहिन | श्रेणी विहिन | २ ग्रेड |

**निर्णय नं. ३ : कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारका लागि नगद हस्तान्तरण लाभग्राही संख्या निर्धारण सम्बन्धमा :**

नेपाल सरकार अर्थ मन्त्रालयले जारी गरेको कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ४ को उपदफा (१) र (२) अनुसार यस विदुर नगरपालिकाको लागि ६९२ लाभग्राही परिवार संख्या मध्ये प्रत्येक वडालाई तपशिल अनुसारको कोटा निर्धारण गर्ने ।

तपशिल :

| वडा नं. | लाभग्राही परिवार संख्या |
|---|---|
| १ | ४२ |
| २ | ५९ |
| ३ | ६१ |
| ४ | ६१ |
| ५ | ५४ |
| ६ | ४३ |
| ७ | ५३ |
| ८ | ४७ |
| ९ | ७४ |
| १० | ४३ |
| ११ | ३५ |
| १२ | ५० |
| १३ | ७० |

निर्णय नं. ४ : कोमात्सु स्काभेटर मर्मत खर्च सम्बन्धमा :

विदुर नगरपालिकाको स्वामित्वमा रहेको कोमात्सु स्काभेटर आर्थिक बर्ष २०७७/०७८ मा मर्मत गरिएको तर रकम भुक्तानी दिन बाँकी रहेकोले कार्यालयबाट यस बर्ष भएको भुक्तानी रकम रु. १,२८,९३३।- ( सान्यो इन्टरनेशनल प्रा.लि. को ) समर्थन गर्ने ।

निर्णय नं. ५ : उत्तरगयाधामको खर्च अनुमोदन सम्बन्धमा:

विदुर नगरपालिका वडा नं. १० स्थित उत्तरगयाधाम निर्माण योजना अन्तर्गत आ.व. ०७७/०७८ को स्वीकृत बजेटबाट केही काम गरी बाँकी गर्नुपर्ने आवश्यक काम मेशिनरी पर्खाल, भर्याङ, डिला खापा, वरण्डा निर्माण जस्ता काम उपभोक्ता समितिको माग बमोजिम गरिएको गरिएकोले प्राविधिकको मुल्याङ्कनका आधारमा उक्त कार्यको लागि खर्च भएको रकम रु.४,२०,०००।- अनुमोदन गर्ने ।

निर्णय नं. ६ विविध

क. विदुर नगरपालिकाले नगर क्षेत्रभित्र विभिन्न विकास निर्माणका काम गर्ने क्रममा खानेपानी आयोजनाका पाइपहरुमा क्षति पुगेको भनी क्षतिको मूल्याङ्कन सहित पेश भएकोले सम्बन्धित वडा र नगरपालिकाका प्राविधिकको समेत शिफारिशका आधारमा क्षतिको रकम उपलब्ध गराउने ।

ख. नगरपालिकाको फोहरमैला व्यवस्थापन स्थल वि.न.पा. ६ मा फोहरमैला व्यवस्थापनका लागि खाडल खन्ने क्रममा निस्किएको नदीजन्य सामग्री (बालुवा) को प्राविधिक प्रतिवेदन अनुसारको परिमाणको नियमानुसार प्रति घन फिटको रु. ४ रुपैया राजश्व लिई फोहरमैला व्यवस्थापन गर्ने संस्था क्लिन द नेपाललाई लैजान अनुमति दिने ।

ग.कृषि विकास शाखा र विपद् व्यवस्थापन शाखाबाट पेश भए अनुसार देहायका व्यक्तिलाई विपद्को क्षेति बापतको रकम दिने ।

- खिलप्रासद न्यौपाने– ९०० के.जी. धानको क्षति– क्षतिपूर्ति रकम रु. ३१५००।०
- भोज बहादुर न्यौपाने–९० के.जी. धानको क्षति– क्षतिपूर्ति रकम रु. ३१५०।०
- सावित्री विश्वकर्मा– हावाहुरीले घरको क्षति– क्षतिपूर्ति रकम रु. २००००।०

घ. सहकारी संस्थाहरुको संस्थापन, पुनरगठन र कार्यक्षेत्र विस्तारलाई व्यवस्थित गर्न, साविकका गाविस तथा जिविसबाट विदुर नगरपालिकामा समायोजन भएका कर्मचारीहरु अवकाश पश्चात प्रदान गरिने सेवा सुविधालाई व्यवस्थित गर्न , नगरपालिका भित्र संचालन हुने विभिन्न क्षमता विकास तालिम, गोष्ठि सेमिनार लगायतमा एकरुपता कायम गर्न र लेखा समितिको काम कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि आवश्यक परेकोले मस्यौदा तयार गरी स्वीकृतिका लागि आगामी कार्यपालिकामा पेश गर्न सम्बिन्धत शाखालाई निर्देशन दिने ।

ङ. यस वर्षको मनसुनका कारणले भएका क्षतिहरु मध्ये बाढी र पहिरोका कारणले भत्किएका वा पुरिएका घरहरु वा बस्ती नै स्थानान्तरण गर्नुपर्ने भई विस्थापित भएका तपसीलका २१ घर परिवारको घरको पुन निर्माण वा प्रवलीकरण गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद्

व्यवस्थापन समिति मार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा शिफारिश गर्ने,

च. विदुर नगरपालिका भित्र विविध विपद्‌बाट भएका क्षतिहरुको यस कार्यालयमा प्राप्त ७० वटा निवेदनका आधारमा विपद् व्यवस्थापन शाखा र प्राविधिकहरुबाट स्थलगत निरीक्षण गरी ती संरचनाको निर्माण गर्न प्राविधिकबाट तयार भएको लागत अनुमानका आधारमा व्यक्तिगत संरचनाको पुन निर्माणका लागि रु. ३ लाख भन्दा कम लागत अनुमान भएका संरचनाहरुको हकमा लागत अनुमानको ५० प्रतिशत र रु. ३ लाख भन्दा बढीको लागत अनुमान भएका संरचनाहरुको निर्माणका लागि बढीमा रु. १ लाख ५० हजार एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउने, तर अति गरिब विपन्न र जेष्ठ नागरिकलाई लागत अनुमान बमोजिम नै रकम दिने,

छ. विदुर नगरपालिकाको नवौ नगरसभाबाट स्वीकृत नीति अनुसार रु. १० लाख भन्दा माथिका योजनाहरुको बोलपत्र आव्हान भएकोमा देहायका योजनाहरुमा कुनै पनि बोलपत्र नपरेको र पुन बोलपत्र आव्हान गर्दा काममा ढिलाई हुने भएकोले उपभोक्ता समिति मार्फत कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

(क)तामाङ्गटोल गैरीखर्क सडक– वि.न.पा. १०,
(ख)त्रिशुली बसपार्क पूर्वाधार निर्माण–विनपा १,
(ग)पाण्डेटोल सडक कालोपत्रे– वि.न.पा. ५,
(घ)युनाइटेड देखि फेदीगाउचोक हुदै समायोजन सडक र अर्किड मार्ग वि.न.पा ४,
(ङ) पहरेखोपबाट धुम्का वडा कार्यालय सडक– विनपा ८,
(च) पलाष्टर, कालोपत्रे सडक तथा नाली निर्माण– विनपा ९

झ.विदुर नगरपालिकाको नवौ नगरसभाबाट स्वीकृत देहायका योजना तथा कार्यक्रमको बजेट संसोधन तथा रकमान्तर गरी बुंदा (ञ) बमोजिमका योजना तथा कार्यक्रममा समावेश गर्ने ।

| क.सं. | शिर्षक | स्वीकृत बजेट | खर्च | बांकी | घटाउने | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| १ | सवारी नविकरण विमा | २५००००० | ० | २५००००० | १०००००० | १५००००० |
| २ | खेलकुद कार्यकम | २५००००० | ४२०००० | २०८०००० | १०००००० | १५००००० |
| ३ | मृत कर्मचारीको सुविधा | १०००००० | ० | १०००००० | १०००००० | ०।– |
| ४ | कोरोना विपद व्यवस्थापन | ३०००००० | ५८७६५३ | २४१२३४७ | २०००००० | १०००००० |
| ५ | पुजीगत परामर्श | १०००००० | ० | १०००००० | ५००००० | ५००००० |
| ६ | धार्मीक तथा सास्कृतिक संस्था सहायता | १५००००० | २५९०६० | १२४०९४० | ५००००० | १०००००० |
| ७ | विविध सास्कृतिक चाडपर्व | १५००००० | २८०००० | १२२०००० | ५००००० | १०००००० |
| ८ | विविध सडक मर्मत | ५०००००० | १२६९२६ | ४८७३०७४ | २०००००० | ३०००००० |
| ९ | विविध खानेपानी | ५०००००० | १०११००० | ३९८९००० | १०००००० | ४०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | स्थायी शिक्षक अवकाश | १०००००० | ० | १०००००० | १०००००० | |
| ११ | कर्मचारी तथा पदाधिकारी क्षमता | १०००००० | ० | १०००००० | ५००००० | ५००० |
| १२ | संचार क्षेत्र सहयोग | १०००००० | ० | १०००००० | ७००००० | ३००० |
| १३ | पदाधिकारी भ्रमण खर्च | १०००००० | ६४००० | ९३६००० | ८००००० | २००० |
| १४ | सेवा प्रवाह सुदृणिकरण | २०००००० | ० | २०००००० | ५००००० | १५००० |
| १५ | डि पि आर सफ्टवेयर सूचना प्रविधि | ३५००००० | ० | ३५००००० | १०००००० | २५००० |
| १६ | भ्रमण खर्च कर्मचारी | ३०००००० | ८७०६७० | २१२९३३० | १०००००० | २०००० |
| १७ | नगरपालिका प्रवेश गेट ( विनपा ५ देविघाट र बेत्रावती। | ६००००००।० | ०।० | ६००००००।० | ६००००००।० | |

ञ. बुँदा (झ) अनुसार रकमान्तर भएको रकमबाट देहायका योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने

| सि.नं. | योजनाको नाम | बजेट रु |
|---|---|---|
| १। | हावाघर क्रियापुत्री भवन सडक कालोपत्रे विनपा ४ | १ करोड २० लाख |
| २। | नुवाकोट क्लब भवन निर्माण विनपा २ | ६ लाख |
| ३। | सन्देश मार्ग नाली निर्माण विनपा २ | ११ लाख |
| ४। | सुन्दर बस्ती पिपलटार सडक निर्माण विनपा ५ | ७ लाख |
| ५। | कालीपोखरी प्रतिक्षालय र सामुदायिक भवन मर्मत विनपा ७ | ६ लाख |
| ६। | भैरमकोट मिजार टोल अपुरो योजना विनपा ८ | ८ लाख |
| ७। | हिमशिखर फुटबल ग्राउण्ड विनपा १३ | ७ लाख |
| ८। | महारानीडिही महिला समुह भवन विनपा ६ | ७ लाख |
| ९। | विपद् व्यवस्थापन शाखा अन्तर्गतका कार्यक्रमका लागि थप | ३० लाख |
| १०। | सेग्रिगेसन केन्द्र जाने बाटो मर्मत तथा ढल र सौचालय | २० लाख |
| ११। | खड्गभन्ज्याङ्ग साना किसान सहकारी भवन निर्माण, विपना ३ | ५ लाख |
| १२। | चारसय फाट राइसिंह खानेपानी वडा नं. ८ | ५ लाख |
| १३। | वडा कार्यालय भवनको बाँकी काम, वडा नं १२ | ५ लाख |
| १४। | माफडाडा मोटरबाटो निर्माण वडा नं. ५ | ७ लाख |
| १५। | साके फर्पि गुम्बा निर्माण, विदुर ११ | ७ लाख |

ट.विदुर नगरपालिका भित्रका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको मृत्यु भै लगत कट्टा गर्नुपरेमा सम्बन्धित वडाको सिफारिशमा नगरपालिकाबाट रुजु गरी लगत कट्टाका लागि नगरपालिकाले बैकहरुलाई अनुरोध गर्ने गरेकोमा अबदेखि वडाको सिफारिशको आधारमा लगत कट्टा गरिदिन बैकहरुलाई अनुरोध गर्ने,

ठ.मुगु जिल्लाको छायानाथ नगरपालिका वडा नं. १ गमगडी बजारमा ०७८ कार्तीक २९ गते राती आगालागी भै भएको क्षति प्रति दुख व्यक्त गर्दै आगालागि पिडित बासिन्दालाई विदुर नगरपालिकाको तर्फबाट अन्य संस्था सहायत शिर्षकबाट रु. ३ लाख राहत स्वरुप उपलब्ध गराउने र राहत रकम छायानाथ नगरपालिकाको नाममा उपलब्ध गराउने,

ड. विदुर नगरपालिकाको हिउदे नगरसभा (१० औ नगरसभा) २०७८ साल पौष ९ गते दिउसो ११ बजे होटल सनसाइनमा बस्ने गरी आव्हान गर्ने ।

ढ.आर्थिक वर्ष २०७८/०७९ को आय ठेक्का अन्तर्गत खानी तर्फको ठेक्कामा प्रस्ताव हाल्ने कल्पवृक्ष प्रसुन जेभी हालसम्म पनि सम्झौता गर्न नआएकोले सम्झौताको लागि थप ७ दिनको म्याद दिने र उक्त म्याद भित्र नआएमा निमायनुसार दोश्रो प्रस्तावदातालाई सम्झौताका लागि बोलाउने,